जिल्ला प्रशासन कार्यालय, रसुवा
दर्ता नं. १५६९
मिति: २०८३।०३।२२

मिति: २०८३।०३।१८, ने.सं.११४६

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, रसुवा।

विषयः बजार अनुगमन गरी प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

उपरोक्त विषयमा नौकुण्ड गाउँपालिकासँगको समन्वय एवम् सहजीकरणमा संयुक्त जिल्ला बजार अनुगमन समितिका संयोजक एवम् सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा नौकुण्ड गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, स्थानीय प्रशासन, उद्योग तथा वाणिज्य कार्यालय, सुरक्षा निकाय लगायतको संयुक्त टोलीबाट मिति २०८३।०३।१६ गते नौकुण्ड गाउँपालिका वडा नं. १, ५ र ६ स्थित दैनिक उपभोग्य तथा खुद्रा किराना व्यवसायी लक्षित दैनिक उपभोग्य वस्तु बिक्रीस्थल/गोदामहरूको स्थलगत रुपमा अनुगमन/निरीक्षण गरी सो को प्रतिवेदन देहाय बमोजिम रहेको व्यहोरा सादर अनुरोध गर्दछौं।

## १.पृष्ठभूमिः

किराना पसलहरू स्थानीय उपभोक्तालाई दैनिक उपभोग्य सामग्री उपलब्ध गराउने प्रमुख खुद्रा व्यवसायहरू हुन्। यस्तो पसलमार्फत उपभोक्ताले खाद्यान्न, प्याक गरिएको सामग्री, घरेलु प्रयोगका वस्तुहरू तथा अन्य आवश्यक सामानहरू निरन्तर रूपमा प्राप्त गर्छन्। उपभोक्ताको स्वास्थ्य, सुरक्षा र आर्थिक हित सुनिश्चित गर्न किराना पसलमा उपलब्ध गराइने सामग्रीको गुणस्तर, मूल्य, तौल मापन, म्याद (Expiry), भण्डारण अवस्था तथा सरसफाई अवस्थाको नियमित अनुगमन गर्नु आवश्यक हुन्छ।

हालका वर्षहरूमा नक्कली, म्याद गुज्रिएका, पुनः लेबल गरिएका वा अत्याधिक मूल्य बढाई उपभोग्य सामग्रीहरूको बिक्री गर्ने जोखिम बढ्दै गएकोले किराना पसलहरूमा बजार निरीक्षण तथा अनुगमनको आवश्यकता अझ बढ्दो छ। स्थानीय तह, उद्योग तथा वाणिज्य कार्यालय लगायतका उपभोक्ता संरक्षण निकायहरूले यस्ता गतिविधि रोकथाम, नियमन गरी उपभोक्तामा सचेतना अभिवृद्धि गर्न अनुगमन कार्य सञ्चालन गर्दै आइरहेका छन्।

यस सन्दर्भमा गरिएको किराना पसल अनुगमनको यस प्रतिवेदनले निरीक्षणका क्रममा भेटिएका अवस्थाहरू, पालना भएका वा नभएका कानूनी/प्राविधिक मापदण्डहरू, जोखिमका तत्वहरू तथा आवश्यक सुधारात्मक सुझावहरू समेटेको छ। यसले भविष्यमा हुने नीति निर्माण, नियमित अनुगमन, उपभोक्ता अधिकारको सुनिश्चितता गरी उपभोक्ता सुरक्षाका कार्यक्रमहरूलाई मार्गदर्शन गर्ने गर्दछ।

## २. अनुगमन विधिः

व्यवसाय/पसल वा स्टोरमा रहेको विभिन्न खाद्यबस्तुहरू तथा अन्य मालसामानहरू प्रत्यक्ष रुपमा अनुगमन गरी म्याद गुर्जेको वा गुणस्तरको सामान्य चेकजाँच गर्ने गरिएको। अवलम्बन गर्नु पर्ने कानूनी प्रक्रियाहरु आत्मसाथ

गरेर व्यवसाय सञ्चालन गरे/नगरेको, दर्ता/नवीकरण, बिल/बीजक, कर चुक्ता, अन्तशुल्क अनुमति लगायतका कानून बमोजिमका गतिविधि गरे/नगरेको एवम् सरसफाई लगायतका अन्य व्यवस्थापकीय पाटोका सन्दर्भमा समेत अनुगमन गरिएको।

३.समस्याः

- म्याद गुज्रिएका खाद्य सामग्रीको बिक्री,
- लेबल, तौल तथा मूल्य व्यवस्थापनमा त्रुटि,
- सरसफाई तथा भण्डारण व्यवस्थापन कमजोर,
- अनधिकृत वा नवीकरण नभएको व्यापार दर्ता/ईजाजत,
- उपभोक्ता हित तथा अधिकारसम्बन्धी जानकारीको अभाव,
- उच्च मूल्य निर्धारण र मूल्य सूची नराख्ने समस्या,
- अन्तःशुल्क ईजाजत नलिई सुर्तिजन्य, मदिराजन्य सामाग्री बिक्री वितरण गर्ने,
- निमयित कर तिर्ने परिपाटी बस्न नसकेको,
- खाद्य र अखाद्य वस्तुको संयुक्त भण्डारण,
- व्यावसायीमा व्यावसायिक चेतको अभाव।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## अनुगमनका सहभागीहरू:

| क्र.स. | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| १. | श्री द्रुव प्रसाद अधिकारी | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| २. | श्री चन्द्र बहादुर गलान | उपाध्यक्ष | नौकुण्ड गाउँपालिका, रसुवा |
| ३. | श्री रमेश पौडेल | कार्यालय प्रमुख | उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| ४. | श्री सुर्य बहादुर तामाङ | प्रमुख प्रशासकीय अधिकृत | नौकुण्ड गाउँपालिका, रसुवा |
| ५. | श्री सुजता श्रेष्ठ | ना.सु. | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| ६. | श्री कैलाश देवकोटा | कारागार प्रशासक | कारागार कार्यालय, रसुवा |
| ७. | श्री सुमन महन्त गिरी | प्र.ब.ना.नि. | प्रहरी चौकी, सरमथली पारच्याङ |
| ८. | श्री सुरेन्द्र तामाङ | ना.सु. | उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| ९. | श्री डेकेन्द्र राज थापा | लेखापाल | उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| १०. | श्री राम बहादुर कुमाल | प्र.ह. | ईलाका प्रहरी कार्यालय, कालिकास्थान, रसुवा |
| ११. | श्री राम कुमार श्रेष्ठ | प्र.स.ह. | ईलाका प्रहरी कार्यालय, कालिकास्थान, रसुवा |
| १२. | श्री पञ्चराम तामाङ | प्र.ह. | प्रहरी चौकी, सरमथली पारच्याङ |
| १३. | श्री यो नुर्बु तामाङ | वडाध्यक्ष | नौकुण्ड गाउँपालिका वडा नं. ६ |
| १४. | श्री मात्रिका रिमाल | का.स. | जिल्ला प्रशासन कार्यालय, रसुवा |

## व्यवसायहरुमा अनुगमनको क्रममा भएको निर्देशन तथा अन्य विवरण

| क.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| | | | | होटल तथा थर्पु व्यवसायहरुः | | |
| १. | रितेष किराना पसल | ६१५१९६००४ | पुर्ण बहादुर गलान | • मूल्यसूची र साईनबोर्ड नभएको,<br>• बिल बीजक जारी भएको नदेखिएको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको,<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • मूल्यसूची र साईनबोर्ड राख्ने,<br>• प्रत्येक कारोबारको अनिबार्य रुपमा बिल बीजक जारी गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने। | म्याद गुज्रेका मारी बिस्कुट-३ प्याकेट, चाइनिज रोल-२ प्याकेट, कुरुम कुरुम-२० प्याकेट, निरा मेहेन्दी-४ प्याकेट, मिट मसला-६ पिस जफत गरिएको। |
| २. | कान्छीमाया थिङ | ९८२३१६९३९५ | कान्छीमाया थिङ | • व्यवसाय दर्ता नगरी सञ्चालन गरेको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको। | • व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने। | म्याद गुज्रेका Hair Oil-२ पिस, Fair & Lovely-३ पिस, कागज-१२ पिस जफत गरिएको। |
| ३. | भोर्ले राईस मिल, विनिता किराना पसल | ६१२१९७६०६ | शेर बहादुर सिं तामाङ | • मूल्यसूची र साईनबोर्ड नभएको,<br>• बिल बीजक जारी भएको नदेखिएको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको, | • मूल्यसूची र साईनबोर्ड राख्ने,<br>• प्रत्येक कारोबारको अनिबार्य रुपमा बिल बीजक जारी गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने। | म्याद गुज्रेका १.५ लि. स्प्राईट-९ पिस, वर्न-५ पिस जफत गरिएको। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| | | | | • अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | | |
| ४. | विनु किराना पसल | ६१०८४६८०९ | बुद्धिमान गलान | • मूल्यसूची र साईनबोर्ड नराखेको,<br>• फोहोरमैला व्यवस्थापन राम्रो नभएको। | • मुल्यसूची र साईनबोर्ड अनिवार्य राख्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन गर्ने। | |
| ५. | गुरुङ फेन्सी तथा किराना पसल | ६०१४६४०४५ | लाक्पा ग्याल्बो श्रेष्ठ | • मूल्यसूची र साईनबोर्ड नभएको,<br>• व्यवसाय नवीकरण समयमै नभएको,<br>• बिल बीजक जारी भएको नदेखिएको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको,<br>• खाद्य अखाद्य वस्तु छुट्टै नराखिएको,<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • मूल्यसूची र साईनबोर्ड राख्ने,<br>• समयमै व्यवसाय नवीकरण गर्ने,<br>• प्रत्येक कारोबारको अनिबार्य रुपमा बिल बीजक जारी गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने<br>• खाद्य र अखाद्य वस्तु छुट्टाछुट्टै राख्ने,<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने। | म्याद गुज्रेको केशरी-४ प्याकेट जफत गरिएको। |
| ६. | थ्रीडि होटल एण्ड लज | ६११७०४५६० | राजन थिङ | • मूल्यसूची नभएको,<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • मूल्यसूची राख्ने,<br>• सम्बन्धित कागजात देखिने गरि राख्ने,<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने। | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

| क.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| | | | | | | |
| ७. | शिशिर म:म होटलएण्ड किराना पसल | ६१२१९४६०७ | राज कुमार मोक्तान | • मूल्यसूची नभएको,<br>• कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• खाद्य अखाद्य वस्तु सँगै राखिएको,<br>• उचित सरसफाई नभएको,<br>• अन्तशुल्क इजाजत नलिई मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको। | • मूल्यसूची राख्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• खाद्य अखाद्य वस्तु छुट्टाछुट्टै राख्ने,<br>• सरसफाईमा उचित ध्यान दिने,<br>• अन्तशुल्क इजाजत लिएर मात्र मदिराजन्य पदार्थ बिक्री गर्ने। | म्याद गुज्रिएका लिचि जुस २२ जफत गरिएको। |
| ८. | बुद्ध होटल एण्ड लज | ६१०९६३७८० | मैत सिं तामाङ | • व्यवसाय दर्ता नवीकरण नगरेको।<br>• मुल्यसूची र साईनबोर्ड नराखेको,<br>• बीजक जारी नभएको,<br>• फोहोरमैलाको उचित व्यवस्थापन नभएको। | • व्यवसाय नवीकरण तत्काल गर्ने,<br>• साईनबोर्ड र मूल्यसूची तत्काल राख्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन तथा सरसफाईमा ध्यान दिने। | |
| ९. | भैरवी मिट सप | ९८६६४१७७६६ | लिला बहादुर तामाङ | • व्यवसाय दर्ता नभएको,<br>• सरसफाईमा ध्यान दिने। | • व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्ने,<br>• फोहोरमैलाको उचित व्यवस्थापन तथा सरसफाईमा ध्यान दिने। | म्याद गुज्रेका भुजा-९ प्याकेट, King panda-१ प्याकेट, ललिपप-२ बट्टा जफत गरिएको। |
| १०. | एलिशा किराना पसल | ६१४३०८३९२ | जित बहादुर थिङ | • व्यवसाय समयमै नवीकरण नभएको,<br>• मूल्यसूची र साईनबोर्ड नभएको, | • व्यवसाय समयमै नवीकरण गर्ने,<br>• मूल्यसूची र साईनबोर्ड राख्ने, | म्याद गुज्रेको जेन जि-१९ पिस, Sprite-३ केस, कोकोनट म्याजिक-१ बट्टा, कुल |

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| | | नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा | | • कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• खाद्य अखाद्य वस्तु सँगै राखिएको,<br>• उचित सरसफाई नभएको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको। | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• खाद्य र अखाद्य वस्तु छुट्टै राख्ने,<br>• सरसफाईमा उचित ध्यान दिने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने। | क्यान्डी-१ जग, लिचि क्यान्डी-१ बट्टा, हाजमोला-१ बट्टा जफत गरिएको। |
| ११. | लोप्चन खाजा तथा स्नोकर गृह, किराना स्टोर | ६११२८२१०३ | प्रेम लोप्चन तामाङ | • व्यवसाय समयमै नवीकरण नभएको,<br>• मूल्यसूची र साईनबोर्ड नभएको,<br>• कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• खाद्य अखाद्य वस्तु सँगै राखिएको,<br>• उचित सरसफाई नभएको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको। | • व्यवसाय समयमै नवीकरण गर्ने,<br>• मूल्यसूची र साईनबोर्ड राख्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• खाद्य र अखाद्य वस्तु छुट्टै राख्ने,<br>• सरसफाईमा उचित ध्यान दिने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने। | म्याद गुज्रेका भुजा-११ प्याकेट जफत गरिएको। |
| १२. | माया होटल एण्ड लज | ६०१५९१७१७ | यो तामाङ लामा | • व्यवसाय समयमै नवीकरण नभएको,<br>• मूल्यसूची र साईनबोर्ड नभएको,<br>• कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• उचित सरसफाई नभएको। | • व्यवसाय समयमै नवीकरण गर्ने,<br>• मूल्यसूची र साईनबोर्ड राख्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• सरसफाईमा उचित ध्यान दिने। | |

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| १३. | लाङ्बु किराना स्टोर | ६११३४१६१९ | किप्पा नेकोर | • मूल्यसूची र साईनबोर्ड नराखेको,<br>• बिल बीजक जारी नगरेको,<br>• म्याद गुज्रेका सामान बिक्री गर्ने गरेको। | • मूल्यसूची र साईनबोर्ड राख्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• म्याद गुज्रेका सामान बिक्री वितरण नगर्ने। | म्याद गुज्रेको कुरकुरे-११ प्याकेट |
| १४. | टासी देले अन्न दाता किराना स्टोर | ६२२६५२७०० | आईतराम लोप्चन तामाङ | • मूल्यसूची र साईनबोर्ड नभएको,<br>• कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• खाद्य अखाद्य वस्तु सँगै राखिएको,<br>• उचित सरसफाई नभएको। | • मूल्यसूची र साईनबोर्ड राख्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• खाद्य र अखाद्य वस्तु छुट्टा छुट्टै राख्ने,<br>• सरसफाईमा उचित ध्याने दिने। | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निष्कर्षः

दैनिक उपभोग्यजन्य खाद्य सामग्री तथा मालसामानहरूको अनुगमनको सिलसिलामा खाद्य तथा किराना पसलहरुले खाद्य तथा अखाद्य वस्तुहरुको छुट्टा छुट्टै व्यवस्थापन गरी दैनिक खाद्य वस्तुहरुको बिक्री विवरण गर्दा नागरिकहरुको स्वस्थ तथा स्वच्छ खाद्य वस्तुमाथिको पहुँच सुनिश्चित गर्न मदत गर्दछ। साथै सरकारले विभिन्न समयमा जारी गरेका निर्देशन तथा विद्यमान कानून परिपालनाले उपभोक्ताहरूको उच्चतम हित प्रवर्द्धन गर्न व्यवसायिहरुलाई जिम्मेवार बनाएको छ। कानून तथा मापदण्ड विपरित सञ्चालन गर्ने कार्य निरूत्साहित हुने अपेक्षा गरिएको छ। अनुगमन गर्दा प्रचलित कानून, अवलम्बन गर्नु पर्ने कार्यविधि र उपभोक्ता हकहित संरक्षण सम्बन्धमा व्यावसायी तथा उपभोक्ताहरू जानकार नहुँदा प्रभावकारी सेवा वितरणमा समस्या सिर्जना भएको देखिन्छ। यसका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्तशुल्क इजाजत पत्र सम्बन्धी, उद्योग तथा वाणिज्य कार्यालयबाट उद्योग/व्यवसाय दर्ता/नवीकरण सम्बन्धी, स्थानीय तहबाट फोहोर व्यवस्थापन तथा उपभोक्ता हकहित सम्बन्धी जानकारी एवम् सन्देशमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

प्रतिवेदकः

श्री द्रुव प्रसाद अधिकारी, स.प्र.जि.अ.

श्री सुजता श्रेष्ठ, ना.सु.

श्री कैलाश देवकोटा, ना.सु.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## अनुगमनका केहि तस्वीरहरू:









नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन














...ल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्या...
रसुवा



